**५.१ सुनिलस्मृति गाउँ कार्यपालिकाको कार्यालयको नयाँ संगठन संरचना**

सुनिल स्मृती गाउँपालिका नयाँ गठन भएको गाउँपालिका भएको भएपनि जनसंख्याको हिसावले ठूलो गाउँपालिकाको रुपमा देखिन्छ । यस बसाई सरी आउने मानिसहरुको उच्च चाँपको कारण यस गाउँ घना हुदै गएको छ र सोही अनुसार कार्यचाँप रहेको छ । यसर्थ यस गाउँपालिकाको कार्यबोझ, जनसंख्या, श्रोतसाधनको अवस्था, स्थानीय आवश्यकता, विशिष्ठता आदिलाई विश्लेष गर्दा प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रहनेगरी देहाय अनुसार १३ वटा शाखा, ११ उपशाखा, २ वटा इकाई र वडा कार्यालयहरु तथा सेवाकेन्द्रहरु उपयुक्त हुने देखिएको छ । कार्यालयलाई अधिकृतमुखी संरचनामा लैजाने प्रयास भएको छ । कुल १३ वटा शाखाहरुमध्ये १२ शाखामा शाखा प्रमुखको रुपमा अधिकृतस्तरको कर्मचारी राख्ने प्रस्ताव गरिएको छ । सबै वडा कार्यालयहरुमा सहायक स्तर पाँचौं तहको कर्मचारीको दरबन्दी रहने र एक जना सहायक कम्प्युटर अपरेटरको दरबन्दी प्रस्ताव गरिको छ । सबै वडा कार्यालयहरुमा एक जनाका दरले कार्यालय सहयोगी रहने, हरेक वडामा रहने गरी एक जना कृषि/पशु प्राविधिकको दरबन्दी सिर्जना गरिएको छ। स्वास्थ्य तथा आयुर्वेद औषधालयतर्फ साविकको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको दरबन्दीलाई नै यथावत राखिएको छ । स्वास्थ्यतर्फको आवश्यकताका आधारमा केही पदहरु स्थानीय तहको आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोर्ने गरी करार सेवामा लिन दरबन्दी सिर्जना गरिएको छ । गाउँ दरबन्दीमध्ये स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएका पदहरुमा प्रतिष्पर्धात्मक परीक्षाबाट छनौट गरी सेवा करारमा राख्ने गरी स्थायी सेवा तथा करार सेवातपर्फको दरबन्दी अलग अलग रुपमा देखाइएको छ । उल्लिखित सबै दरबन्दी एकैपटक पदपूर्ति नगरी स्थानीय तहको आन्तरिक श्रोत, कार्यालयको अवस्यकता आदिलाई मध्यनजर गरी कर्मचारी भर्ना गर्न सिफारिस गरिन्छ। गाउँ कार्यपालिकाको प्रस्तावित संगठन संरचना निम्न बमोजिम रहेको छ।

